कंचनरुप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कंचनपुर,सप्तरी मधेश प्रदेश,नेपाल

# सिलबन्दी दरभाउपत्र आव्हान सम्वन्धि सुचना

**प्रथम पटक प्रकाशित मितिः-२०७९/१२/२८**

**यस नगरपालिकाको आ.व.२०७९/२०८० को लागि आवश्यक पर्ने औषधी सामाग्रीहरु शिलबन्दि दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सप्लाई गर्ने ईच्छुक ईजाजत प्राप्त योग्यता पुगेका सप्लायर्स एवं बिक्रेताहरुबाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको दरभाउपत्र अव्हान गरिएको छ ।**

शर्तहरूः-

१. यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन सम्म कार्यालय समय भित्र यस कंचनरुप नगरपलिकाको राजश्व शाखामा नियमानुसार रु १०००/-एक हजार मात्रको दस्तुर (पछि फिर्ता नहुने गरी) रु.१०/-को टिकट टाँसी शिलबन्दि दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२.शिलबन्दि दरभाउपत्र फारम खरिद गर्न लिखित निवेदन साथ आ.व.२०७८/२०७९ को लागी नविकरण गरिएको सम्वन्धित विषयको कारोवार संचालन गर्न पाउने ईजाजत पत्र वा फारम दर्ता प्रमाण पत्र ,नागरिक्ताको प्रमाण पत्र तथा मुल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्र, आ.व.२०७८/२०७९ को कर चुक्ता प्रमाण पत्र समेतको प्रमाणित प्रतिलिपि संलग्न गरी प्रोप्राईटर स्वयं उपस्थित भई वा अधिकारिक अख्तियारी सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिनेछ ।

३.यो सुचना पहिलो पटक प्रकाशित भएको मितिले १६ औ दिनको १२.०० बजे भित्र यस नगरपालिकाको कार्यालयमा शिलबन्दि दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । हुलाक,कुरियर मार्फत तोकिएको स्थानमा निर्धारित समय भित्र दाखिला भएका शिलबन्दि दरभाउपत्र मात्र दर्ता गरिनेछ ।म्याद भित्र दर्ता भएको शिलबन्दि दरभाउपत्रहरु सोहि दिनको २.०० बजे शिलबन्दि दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस नगरपलिकाको कार्यालयमा खोलिनेछ ।शिलबन्दि दरभाउपत्र दाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि शिलबन्दि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४.शिलबन्दि दरभाउपत्र फारमा खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

५.शिलबन्दि दरभाउपत्र फारम पेश गर्दा खामको बाहिर यस नगरपालिका कार्यलयको नाम सम्बोधन गरी शिलबन्दि दरभाउपत्र नं. र कामको विवरण तथा नाम स्पष्ट खुलाई शिलबन्दि खाम पेश गर्नु पर्नेछ ।

६.शिलबन्दि दरभाउपत्र दाताले शिलबन्दि दरभाउपत्र जमानत धरौटी वापत नगद जमानत भए नगरपलिकाको नाममा तथा कृषि बिकाश बैंक कंचनपुर शाखामा रहेको धरौटी खाता नं. नं.११०३६००६४८४३२१०२ मा जम्मा गरी सो को सक्कलै भौचर वा बैंक जमानत भए कम्तिमा १२० दिन म्याद भएको बाजिज्य बैंक (क श्रेणी) बाट यस नगरपालिकाको कार्यालयको नाममा जारी भएको बैंक जमानत (बिड बण्ड) दरभाउपत्र साथ संलग्न राख्नु पर्नेछ । दरभाउपत्र स्वीकृत भएमा स्वीकृत भएको सुचना दिएको १५ दिन भित्र कुल कबोल अंकको २.५% धरौटि वापत रकम माथि उल्लेख बाजिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत (प्रफरमेन्स बण्ड) वा माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गरी सम्झौता गर्नु पर्नेछ ।

७.शिलबन्दि दरभाउपत्र दाताले आफुले कबोल गरेको प्रत्येक आईटमको मु.अ.कर बाहेक दररेट लाई अंक र अक्षर दुबैमा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।BOQ को सबै आईटम नभरिएको शिलबन्दि दरबाउपत्रलाई रितपुर्वकको शिलबन्दि दरभाउपत्र मानिने छैन ।

८.शिलबन्दि दरभाउपत्र दाताले दररेट उल्लेख गर्दा केरमेट गरेको टिपेक्स लगाएको ठाँउमा सहिछाप नगरेको,शिलबन्दि दरभाउपत्र फारमको फोटोकपि गरी पेश गरेको यस नगरपालिकाको कार्यालयबाट बिक्रि भएको शिलबन्दि दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको तर्फबाट पेश गरेको वा आफ्नो तर्फबाट कुनै शर्त राखि पेश गरिएको शिलबन्दि दरभाउपत्रलाई मान्यता दिईने छैन ।

९.आपुर्तिकर्तले **WHO GMP CERTIFIED** कम्पनिको औषधिहरु मात्र आपुर्ति गर्नु पर्नेछ । नेपालमा उत्पादित बाहेकका कम्पनिहरुबाट उत्पादित औषधी आपुर्ति गर्नुपर्ने भएमा औषधि व्यवस्था बिभागमा अनिवार्य रुपमा दर्ता भएको हुनु पर्नेछ ।

१०.आपुर्ति गर्ने औषधिको मान्य हुने अवधि (EXPIRY DATE) मिति स्टोर दाखिला भएको दिनबाट कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ ।

११.आपुर्ति हुने औषधिहरुको स्ट्रिप र बोतलको प्रत्येक प्याकिङ्ग बाहिर उत्पादन मिति (EXPIRY DATE) तथा ब्याच नम्बर अनिवार्य उल्लेख हुनु पर्नेछ । साथै नेपाल सरकारबाट निःशुल्क बितरणकालागि भन्ने लोगो प्रत्येक स्ट्रिप र बोतलमा अनिवार्य लगाउनु पर्नेछ ।

१२.म्याद नाघि र मिति नपुगी प्राप्त दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१३.नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त शिलबन्दि दरभाउपत्रहरु पुर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकाको कार्यालमा निहित रहनेछ ।

१४.कुनै शिलबन्दि दरभाउपत्रदाताले दरभाउपत्रमा कुनै संसोधन गर्न वा फिर्ता लिन चाहेमा शिलबन्दि दरभाउपत्र दर्ता गर्ने अन्तिम समय समाप्त हुनु भन्दा २४ घण्टा अगावै निवेदन दिनु पर्नेछ ।

१५.शिलबन्दि दरभाउपत्र स्वीकृत भई कार्यालयले तोकेको समय भित्र औषधि सामाग्रिहरु आपुर्ति गर्नु पर्नेछ ।

१६.आपुर्ति गर्ने औषधिहरु तोकिएको समय भित्र केही अंश वा सम्पुर्ण आपुर्ति हुन नसकेमा सर्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम कारबाहि हुनेछ ।

१७.खरिद कार्यबाहिमा भाग लिन अयोग्य नभएको,स्वार्थ नबाझिएको र व्यवसायी सम्वन्धि कसुरमा सजाय नपाएको भन्ने लिखित स्वघोषणा गरेको पत्र शिलबन्दि दरभाउपत्र साथ अनिवार्यरुपमा संलग्न गर्नुपर्नेछ ।स्वघोषणा पत्र शिलबन्दि दरभाउपत्र साथ संलग्न नभएमा मान्यता हुने छैन ।

१८.आपुर्तिकर्ताले सप्लाई गरेको औषधीहरु तथा अन्य समानहरुको गुणस्तरमा शंकालागि परिक्षण गर्नुपर्ने भएमा आपुर्तिकर्ता स्वयंले परिक्षण गराई परिक्षणको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।परिक्षणमा लाग्ने सम्पुर्ण खर्च आपुर्तिकर्ता स्वयंले व्यहोर्नु पर्नेछ ।

१९.जमानत दाखिला गर्दा शिलबन्दि दरभाउपत्रदाताले लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढि घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशत ले हुन आउने रकम कबुल अंकको पाँच प्रतिशत थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नु पर्नेछ ।

२०.यो सुचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

| सि. नं. | ठेक्का नं. | विवरण | लागत अनुमान | दरभाउपत्र दस्तुर | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति | खोल्ने मिति र समय | धरौटि रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | २/०७९/२०८० | औषधि सामाग्री | २९९८३२५.६९ | १०००/- | २०८०/०१/१२ गते सम्म | २०८०/०१/१३ गते दिनको १२.०० बजे सम्म | २०८०/०१/१३ गते दिनको १२.०० बजे सम्म | ७४९५९/- |

प्रमुख प्रशासकीय अधिकृत

कंचनरुप नगरपालिका नगर कार्यपालिकाको कार्यालय कंचनपुर, सप्तरी प्रदेश नं.-२,नेपाल २०७२